बातावरण संरक्षणः
केही ब्यावहारिक कुराहरु

प्रक

इन्सेक

Cinsec

अनौपचारिक क्षेत्र सेवा केन्द्र।

बातावरण संरक्षण:
केही ब्यावहारिक कुराहरु

प्रकाशक

(इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र।

Digitized By : Bimal Chandra Sharma

प्रकाशकीय

जीवन र बातावरणको कति घनिष्ट सम्वन्ध छ भन्ने कुरा हामी सबैलाई थाहा छ । धुलो र धुवांको कुइरीमण्डलमा श्वास फेर्न गाह्रो भए जस्तै पानी र वनस्पति विना जीवन चल्न गाह्रो हुन्छ । जसरी वन विनास र भूक्षयको मात्रा बढ्दै गयो भने प्रकृतिको सन्तुलन बिग्रिन्छ त्यसरी नै वायुमण्डलमा कार्बनडाई अक्साइडको मात्रा बढ्दै गयो भने जीव जगतको सन्तुलन बिग्रन्छ । त्यस्तो अवस्था आउन नदिनका निम्ति बातावरण संरक्षण बारे जनचेतना फिंजाउनु पर्दछ । यस कामका निम्ति जनस्तरमा पनि पहल हुनु जरुरी छ । यही तथ्यलाई मनन गरी हामीले यो पुस्तिका तयार पारी प्रकाशित गरेका छौं ।

यस पुस्तिकाले विशेष गरी ग्रामीण क्षेत्रमा कार्यरत सामाजिक कार्यकर्ता, शिक्षक एवं विद्यार्थीहरुलाई सहयोग पुऱ्याउने आशा हामीले राखेकाछौं । सरकारी क्षेत्रका नीति निर्माताहरुलाई बातावरण संरक्षण सम्बन्धी कार्यक्रम तर्जुमा गर्दा पनि यसले टेवा दिने छ ।

अन्तमा पुस्तक तयार परिदिनु हुने श्री भरत शर्मा, सम्पादन गरि दिनु हुने श्री विष्णु प्रभात एवं छपाई कार्यमा सहयोग पुऱ्याउने कल्पवृक्ष प्रकाशन प्रति हामी हार्दिक आभार प्रकट गर्दछौं ।

इन्सेक

बातावरण र मानिस

हामी प्रकृतिमा बाँच्छौं । प्रकृति र मानिसको सम्बन्ध पृथ्वीमा मानव जातिको विकास भएदेखि नै अटुट रुपमा रहिआएको छ । प्रकृति र मानव जाति बीच रहेको स्वाभाविक सन्तुलनले नै हाम्रो समाज र विश्व समुदायसंग हाम्रो सुसम्बन्धलाई निस्चित गर्दछ । प्रकृतिमा हावा, पानी, घाम र बनस्पति रहेका छन् । यी तत्वहरु जीव जन्तु र मानिसका निम्ति नभई नहुने कुरा हुन् । त्यसैले प्रकृतिले मानिसलाई र मानिसले प्रकृतिलाई प्रभाव पार्ने क्रम चलिआएको हो । प्रकृति र मानव सम्वन्धको यही स्वाभाविक स्थिति एवं सन्तुलनलाई हामीले बातावरण भन्ने गरेकाछौं ।

बातावरण भनेको न कुनै फूलवारी हो, न त कुनै अनौठो चिडियाघर । यो त प्रकृति, प्राणी र मानव जाति वीचको सोझो सन्तुलन हो, स्वाभाविक स्थिति हो । जसमा मानव समाज अडिएको छ । हाम्रो जीवन अडिएको छ । विश्व सभ्यता अडिएकोछ । हामी न त हावा बिना नै वांच्न सक्छौं न पानी बिना । न त घाम बिना नै तङ्ग्रिन सक्छौं । न बन बिरुवा बिना । बनस्पतिले हामीलाई गास, बास र कपासको स्रोतका रुपमा सघाई रहेको छ । औषधिमूलो दिइरहेकोछ । त्यतिमात्र हैन शुद्ध हावा नै हाम्रो जीवन शक्ति बन्दछ । त्यसैले बातावरण र समाजको अटुट सम्बन्ध रहेको हुन्छ । यद्यपि सिंगोरुपमा भन्दा बातावरणलाई प्राकृतिक पक्ष संगसंगै मानवीय पक्ष संग पनि जोडेर - सामाजिक, आर्थिक र सांस्कृतिक पक्षसंग जोडेर,-ब्याख्या विश्लेषण गर्नु पर्ने हुन्छ । सभ्यतासंग गांसेर हेर्नु पर्ने हुन्छ । जीवन पद्दतिसंग एकढिको गरेर बुझ्नु

पर्ने हुन्छ । यस अर्थमा भन्दा बातावरण एउटा त्यस्तो पद्दात पनि हो जसले जीवनलाई कल्याण तर्फ अग्रसर गराउंछ । यही वास्तविकतालाई संयुक्त राष्ट्रसंघले यसरी उल्लेख गर्दछ- "मानिस बातावरणबाट पोषित जीब हो र साथ साथै बातावरणलाई आफ्नो क्रिया कलापद्वारा प्रभावित पार्ने तत्व पनि हो।" त्यसैले मानिसका क्रियाकलापहरु र बातावरणको अटुट सम्बन्ध रहन्छ । एक अर्कोबाट प्रभावित भई रहन्छन् । मानिसका कामहरुको फलस्वरुप नै नतिजा पनि जन्मन्छ । जस्तोकी कल्याणकारी कार्यहरु अथवा बिनासकारी कार्यहरु ।

प्रकृति र त्यसको स्वाभाविक सन्तुलनलाई बिगार्ने कामले बातावरण मात्र बिग्रिंदैन मानव जीवनको स्वाभाविकता समेत बिग्रन पुग्छ। यसरी हेर्दा प्रकृतिको अधिनमा मानिस र मानिसको अधिनमा प्रकृति रहेको तथ्य देखन सकिन्छ । सभ्यताका आधुनिक उपलब्धिहरुले प्रकृतिमाथि एक हद सम्म विजय प्राप्त गरेको त छ , तर त्यसको स्वभाविकता मिचेर, सन्तुलन बिगारेर होइन । त्यसैले हामी बातावरणको बारेमा कुराकानीहरु गर्दा त्यसको प्राकृतिक पक्ष र मानवीय पक्षलाई दुई प्रमुख आयामको रुपमा हेर्न सक्छौं । मानवीय पक्षमा प्रविधिका कुराहरु पर्दछन् विज्ञान, चिकित्सा, इन्जिनीयरिङ जस्ता क्षेत्रहरु मानव जातिले आबिस्कार गरेका उपलब्धि हुन् र प्रकृतिको सन्तुलन संगै नै तिनको कल्याणकारी उपभोग सम्भव हुन्छ । प्रविधि र प्रकृतिको पनि अन्तर सम्वन्ध रहेको हुन्छ । मानव कल्याणका लागि यी दुवै पक्षको आपसी सम्वन्ध सन्तुलित रहनु पर्छ । बातावरणको यही अनुकुलतामा सारा विश्व अडिएको छ।



विकास कार्य, जनता र प्रकृति एक अर्काद्वारा प्रभावित हुन्छन् ।

प्रकृतिका सबै चिजविजहरु मानव जातिका लागि हुन् । तर यसो भन्दा हानीकारक तत्वलाई हामीले अलग्याएका हुन्छौं । मानिसले बनाएका वा आबिस्कार गरेका कुराहरु सारमा भन्दा प्रकृतिबाटै प्राप्त बस्तु हुन तर प्रकृतिले आफ्नो भण्डार आफै सोमर्न सक्दैन । त्यसको माली र मालिक दुबै मानिसहरु हुन्। मानिसले त्यसको प्रयोग ठीक संग गऱ्यो भने प्रकृतिका वस्तुहरुले प्रगतिमा टेवा दिन्छ तर मानिसले प्रकृतिको उत्पादन वा भण्डारबाट मनपरी खर्च गर्ने हसुर्ने गर्दै गयो भने त्यसले स्वाभाविक सन्तुलनलाई भत्काई दिन्छ। गाउँघरमा हामी देख्दछौं - रातोमाटो झिक्ने खाडल बढ्दै गएपछि जमिनको सतह खस्केर झर्छ । बन जंगल मासिदै गएपछि दाउरा पातको हाहाकार पर्छ । सुख्खा पऱ्यो भने अन्नपात फल्दैन, अनिकाल लाग्दछ र मानव जीवनमा ठूलो बिग्रह, अशान्ति मच्चिन्छ । त्यसो हुंदा प्रकृतिको भण्डारबाट मनपरी सामान खर्च गर्ने तरीका अविवेकी तरीका हो र प्राकृतिक सन्तुलनलाई ध्यानमा राखेर उपभोग गर्ने तरीका बुद्धिमानी तरीका हो । तर दुबै एउटा निश्चित सीमा भित्र एक अर्का का पुरक भए भने मात्र मानब कल्याण सम्भब बन्दछ । यस कारण हामीले सम्झनु पर्ने कुरा हो - मानिसहरु नै प्राकृतिक पद्धतिका प्रबन्धक तथा यस्को फल भोगचलन गर्ने उपभोक्ता हुन ।



प्राकृतिक पद्धति मानब क्रियाबाट उत्पन्न प्रतिक्रिया संगै आबद्ध रहेको छ । यो निकै संवेदनशिल छ । हाम्रो विवेक-पूर्ण कार्यले प्राकृतिक सन्तुलनको संरक्षण हुन्छ र अविवेकी कार्यले त्यसको विनाश हुन्छ । नेपालको परिवेशमा यी कुराहरु अझ बढी मननीय छन् । प्राकृतिक सौन्दर्यमा निकै धनी भए पनि नेपाल प्राकृतिक संपदाको क्षेत्रमा पानि बाहेक अरु खनीज संपदामा निर्धन नै छ । कठिन भौगोलिक बनौट, बढ्दो जनसंख्या, थोरै खेति योग्य जमिन आदिले समस्या झन जटिल पारेको छ।

१. बातावरण बिग्रने कारणहरु

बातावरण संरक्षणको सन्दर्भले हाम्रो राष्ट्रिय हितमा महत्वपूर्ण भूमिका राख्दछ । हामी सबैले यस विषयलाई आफ्नो साझा जिम्मेवारीको रुपमा लिनु पर्छ र प्राकृतिक सन्तुलन जोगाउने अभियानमा संयुक्त हुनु पर्छ । तब मात्र राष्ट्रको बृहत हितलाई ध्यान दिन सक्छौं । यस बारे व्यक्तिगत रुपमा गरिएका विभिन्न प्रयाशहरु पनि समाजको साझा स्वार्थले प्रेरित हुनु पर्दछ ताकि हाम्रो कृयाकलापमा पनि सामन्जस्यता आओस । तर यी कुरा त्यति सजिला छैनन् । किनकि हाम्रो समाज असमानताले जकडिएको मात्र हैन अनेकौं जाति, भाषा,

भौगोलिकता, आर्थिक तहहरुमा बाँडिएको पनि छ । विविध उत्पादक शक्तिहरुद्वारा समाज संचालित रहेर पनि उत्पादनका साधनहरुको स्वामित्वमा ठूलो असमानता छ । गरीबीले धेरै जनतालाई पिरोलेको छ । जनताले प्रजातन्त्रको वास्तविक उपभोग गर्न पाईरहेका छैनन् । फेरी हामीले धेरै कुराहरु भुतकाल बाट सिकेका हुन्छौं तथापि हाम्रो जीवन यापन वर्तमानमा भईरहेको हुन्छ भूतमा होइन। तसर्थ हामीहरु असन्तोषका भावनाहरु बोकेर आफुले उपभोग गर्न सकिने संभावनालाई वास्तविक रुपमा प्राप्त भइ रहेको अवसर संग तुलना गर्ने गर्दछौं ।

असन्तोषको भावना तथा आक्रोस कुनै निश्चित कुरा प्रति निर्दिष्ट हुन्छ र त्यो हो - सम्पतिको अन्याय पुर्ण वितरण अर्थात असमानता । यो कुरा राष्ट्रिय प्राकृतिक संपदामा पनि लागु हुन्छ । हाम्रो समाज आफ्नो पुर्णरुपमा एउटा ससक्त र सजीव समूह हो । यो कुनै तोकिएको या थोपारियेको निर्देशन अथवा कूँदिएको मूर्ति जस्तो स्थितिमा रहन मन पराउदैन र हुदैन पनि । कारण त्यसले समाजको मौलिकतालाई नै कुंठित पारि दिन्छ । सामाजिक अथवा त्यो भन्दा पनि बढि राजनैतिक अवधारणाहरु धर्मनिरिपेक्ष हुनु पर्छ ।

बातावरणीय समस्या सामाजिक क्षेत्रसंग छुट्टै रहेको समस्या होइन । यो त समग्रतामा अथवा समष्टिगत रुपले मानव ब्यवहारको अज्ञानताले अथवा नीहित स्वार्थवश आमन्त्रित स्थिति हो । यस्को कारक तत्व निश्चित रुपमा हामी नै हौं, हाम्रो समाज नै हो । क्षुद्र स्वार्थ बोकेका ब्यक्तिहरुले नीजि हितमा प्रकृतिको अधिकतम उपभोग गर्दा पैदा भएको समस्या

हो । यस समस्याका गहिराईमा पुग्नको लागि हामीले हाम्रो राष्ट्रिय नीति तथा तदनुरुप हुने बातावरणीय फल या प्रदुषणको स्थिति केलाउनु पर्दछ । बातावरणीय नोक्सानिलाई समाजमा बिना भेदभाव कसरि बाँड्दैछौं भन्ने कुरा खोतल्नु पर्दछ । तसर्थ यसको सम्वन्ध देशको राजनैतिक तथा आर्थिक नीति संग आवद्ध हुन्छ ।

यो भन्नु अतिशयोक्ति न होला कि बातावरणीय ह्रास कुनै पनि समाज या देशको प्रचलित सामाजिक, आर्थिक तथा राजनैतिक प्रक्रिया को समानुपातिक हिसावले हुन्छ । समाजमा न्याय छ या अन्याय, त्यस माथि नै बातावरणीय उत्थान र पतन धेरै हद सम्म आश्रित रहन्छ । वास्तवमा दीगो रुपले यो समस्याको समाधान गर्ने हो भने स्वामित्व ब्यवस्थामा सुधार गरी गरीबी उन्मूलन गर्ने र प्रजातन्त्रको पूर्ण उपभोग लाई सुनिस्चित गराउने जस्ता कुराहरुलाई देशका नीति नियमहरुले राम्रो संग अंगाल्नु अपनाउनु अत्यावश्यक छ । सार रुपमा यो मानवीय समस्या नै हो । त्यसैले यदाकदा ईश्वरिय शक्ति संग यस समस्यालाई जोडने सामाजिक अन्ध विश्वासलाई जनभावना बाट हटाउनु आवश्यक छ । यसका निम्ति राजनैतिक सामाजिक कार्यकर्ताको संलग्नता अपरीहार्य छ ।

२. बातावरण संरक्षणको आवश्यकता

हाल सम्म हाम्रा शैक्षिक संस्थानहरुमा बातावरणीय पक्ष बारे उपयोगि शिक्षा दिने पाठ्यक्रम अथवा अन्य केही पनि ब्यवस्था गरिएको छैन । यसो हुंदा हाम्रो समाज पाउन सक्ने एउटा ठूलो सेवाबाट बंचित हुन पुगेको छ । प्रचलित पुरानो,

अनुपयोगी तथा असान्दर्भिक शिक्षा प्रणालीबाट समाज कल्याणको अपेक्षा गर्न सकिदैन र यस्मा नीतिगत परिवर्तनको ठूलो खाँचो छ । यस संदर्भमा बातावरण चेतना दिने काममा संचार माध्यमहरुको भूमिका पनि उत्साहबर्धक रहेको छैन । यो कुरा ठोकुवा गर्न सकिन्छ कि सामाजिक अथवा शैक्षिक संस्थाहरुबाट देशलाई निश्चित रुपमा हुने उपयोगी सेवा नै मूख्य कुरा हो ताकि संस्थाहरुको नाम । त्यसो हुंदा शिक्षक समुदायले यस विषयमा अतिरिक्त ध्यान दिनु पर्ने भएको छ ।

समाजको ब्यापक तथा निर्विवाद रुपमा सेवा गर्न सबै प्रकारका भेदभाव र पक्षपातको अन्त्य हुनु पर्छ । त्यसो भयो भने मात्र हाम्रो समाज वास्तविक रुपमा एक ढिका हुन सक्छ र नागरिकहरु परस्पर आबद्ध भै समानताको भावनाबाट उत्प्रेरित हुन्छन् । साथै सामाजिक दायित्वको बोधगरी तदनुरुपको कर्तव्य पालनामा जुट्दछन । राष्ट्रभक्तिको भावना पनि साझा राष्ट्रिय स्वार्थले नै परिपोषित र प्रेरित रहन्छ । तसर्थ हाम्रा सामाजिक संस्थाहरु र खास गरेर शैक्षिक संस्थानहरुले यो संयुक्त दायित्वको भावनालाई समाजमा फैलाएर बातावरण संरक्षण प्रतिको सजगतालाई द्रुतगतिले अगाडि बढाउने भूमिका निर्वाह गर्नु आवश्यक
छ । यस्का लागि हाम्रा शैक्षिक, सामाजिक संस्थाहरुको पाठ्यक्रम तथा क्रियाकलापहरु यही गहन नीति ले निर्देशित हुनुपर्छ । हाम्रो समाज तथा प्रकृतिको सम्बन्ध अक्षुण्य छ र ती एक अर्काका पोषक तथा प्रेरक हुन भन्ने धारणालाई यथार्थमा मूर्त रुप दिनु नितान्त आवश्यक छ ।

मोटामोटी रुपमा भन्दा बातावरणीय समस्याहरु निम्न लिखित विषयसंग सम्वन्धित छन् ।

१. व्यक्तिगत नैतिकता

२. सामाजिक मूल्य र मान्यता

३. वैज्ञानिक तथा प्राविधिक विकास र प्रसार

४. राजनैतिक तथा आर्थिक ढाँचाहरु

५. व्यक्तिगत दृष्टिकोण तथा आचरण

६. समाजमा निर्णय गर्ने प्रक्रिया तथा समसामयिक परिवर्तन गर्ने आकांक्षा एवं स्थिति ।

प्रसिद्ध मानव शास्त्री इभान इलिचले भन्नु भएको छ कि "बातावरणीय विषम परिस्थितिको सृजनाहुनु न हुनुमा तथा हाम्रो जीवन मंगलमय हुनु न हुनुमा हाम्रो समाज नै जिम्मेवार छ । तसर्थ हामीले बहुजन हिताय बहुजन सुखायलाई हृदयंगम गरे देशको र हाम्रो कल्याण हुनेछ । तर यस्का लागि समाजका हरेक मानिस यस प्रति उत्तरदायि हुनुपर्छ । यथार्थमा भन्ने हो भने यस्तो स्थिति सृजनाको लागि सामाजिक अथवा भनौं विचारधारात्मक क्रान्तिको नै केही हद सम्म आवश्यकता पर्न सक्छ । संभवत यस्को साथै आर्थिक क्रान्ति तथा नयाँ आर्थिक ढाँचा, हाम्रा मूल्यहरु तथा रीति थितिको विश्लेषण एवं सामयिक परिवर्तन पनि मननीय छन् । सर्वप्रथम सामाजिक अन्याय र त्रासलाई न हटाई या हटाउने प्रयत्नको शुरुवात न भई यो संभव छैन । यस किसिमको प्रयत्न अनवरत रुपले चालि रहनु पर्छ - केही निश्चित समयका लागि मात्र होईन । समाज का हरेक वर्गको यस्मा संलग्नता हुनु नितान्त आवश्यक छ र

स्वेच्छाले प्रेरित हुने स्थिति तयार हुनु पर्दछ ।

३. बातावरणीय समस्या र हाम्रो दायित्व

नेपालमा उपरोक्त दृष्टिकोणको थालनि गर्न या भनौं जग बसाल्न शिक्षक विद्यार्थी तथा गैर सरकारी सामाजिक संस्थाहरुको ठूलो भूमिका हुन सक्छ । आर्थिक रुपले निर्धन देशमा हामीले बाहिरबाट आयातित वैचारिक सिद्धान्त अथवा श्रोत र साधनहरुको मुख ताकेर फलदायी तथा दीगो समाधान प्राप्त हुन सक्दैन । न त यस्का लागि कुनै अर्को नोकरशाही संस्था बनाएर नै सफलता प्राप्त हुन्छ । यसका निमित्त त जनचेतना जगाउन पट्टि नागरिकहरुको भावनालाई एक ढिको पार्नु पर्छ, यो नै प्रथम ग्राह्यता हुनु पर्दछ । संभवतः जन जागृति गराउने अभिभारा बोकेका समूहहरुलाई पनि विषय वस्तुको प्राविधिक तथा अन्य पक्षहरु बारे पूर्वजानकारी दिने प्रवन्ध मिलाइनु पर्दछ । जनचेतना जगाउने संदर्भमा श्रव्य, दृब्य, सामग्रीहरुको पनि आवश्यकता रहने छ र त्यसको उत्पादनमा सम्बन्धित क्षेत्रको ध्यान जानु पर्दछ ।

यस कार्यमा सर्वप्रथम "लक्षित समूह" को पूर्वनिर्धारण हुनु पर्दछ, हुनतः अन्ततोगत्वा सम्पूर्ण राष्ट्र नै लक्षित परिवेशमा छ तर पनि जागरण अभियानलाई सफल पार्न समाजको बहुसंख्यक निम्न वर्गलाई संलग्न बनाउनु नितान्त आवश्यक हुन्छ र हाम्रो प्राथमिक दायित्व पनि यहि हो ।

बातावरणको क्षेत्र र विषय वस्तु निकै ब्यापक छ तापनि शुरुवातमा निम्न प्रमुख क्षेत्रहरु माथि हाम्रो अभियान

केन्द्रित हुनु उपयोगि हुनेछ । १. भू-उपयोग २. बन ३. पानि ४. बातावरणको सामाजिक तथा साँस्कृतिक पक्ष ५. माटो ६. प्रदुषण ७. सामाजिक धारणा र दृष्टिकोणमा समसामयिक परिवर्तन ।

नेपालको राष्ट्रिय पृष्ठभूमि

हुनत नेपालमा प्राकृतिक तथा अन्य संपदाहरुको संरक्षण सम्बन्धि धेरै जटिल समस्याहरु पनि छन् । तर प्राकृतिक श्रोतहरु नभएका भने होइनन् । उदाहरणका लागि बन तथा चरन क्षेत्रको ह्रास उचित प्रबन्ध र सदुपयोग न भएर नै भएको हो, प्रकृतिले नदिएर होइन । त्यस्तै बालि-नालीको कमी र ह्रासका मूख्य कारणमा उचित भू-उपयोग, समुचित कृषि सामग्री तथा राम्रो ब्यवस्थापन प्रणालीको अभाव नै हो । त्यस्तै अपार जलश्रोत भएको नेपाल पानीको सामयिक अभावमा छटपटिएको छ । प्रकृतिको भरमा खेति गरेर कसरी बढ्दो आवश्यकता पूर्ति होला ? घाम छायाँले सदा ग्रसित जीवन कसरी समुन्नति तर्फ लम्कला ?

सरकार माथि निर्भर गर्ने हाम्रो बानिले पनि हामिलाई लँगडो बनाएको छ । विकासको दायित्व उपभोक्ताहरु या सम्वन्धित समाजलाई नै सुम्पिन सके नै राम्रो प्रगति हुन्छ यस्को लागि हाम्रो सोचाइमा पनि परिवर्तन आउनु पर्छ । अभिजात्य वर्ग र आधारभूत वर्गका रुपमा अथवा लिंग भेदको आधारमा मानिसलाई फरक ठान्नु हुन्न, सामाजिक भेदभाव गर्नहुन्न ।

बर्षौंदेखि नेपाली किसानहरुले माटो, पानी, वन तथा पशुको राम्रो समन्वय गरी प्रकृति संग सुखमय रुपमा बाँच्ने मर्म बुझेका थिए । सबैको संवेदनशील गुण र एक अर्कासंगको सम्वन्धलाई किसानले बुझेका थिए । तथापि श्रोत परिचालन तथा ब्यवस्थापनको लागि खडा गरिएका सरकारी संस्थाहरुले श्रोत उपभोग तथा विकास योजनाहरुलाई क्षेत्रका हिसावले विभाजित गर्ने प्रक्रिया शुरु गरे । जस्ले बातावरणीय समस्यालाई झन जटिल पारेको छ । क्षेत्रको रुपमा बातावरणीय समस्याको राम्रो पहिचान हुन गाह्रो छ । वास्तवमा यो तरिकाले बातावरणीय ह्रास र त्यसका असरहरुलाई मात्र औल्याउँछ - कारणहरु बारेमा विशेष वास्ता गर्दैन । त्यसो हुंदा समस्याको पहिचान समग्रतामा कहिल्यै हुन पाउँदैन ।

अनवरत हिसावले प्राकृतिक श्रोत संपदाको विकास र संरक्षण गरेमा मात्र हाम्रो नेपाली समाजको प्रतिपालन सम्भव छ । बातावरणीय विकास योजनाहरुले यस दिशामा सघाउ पुऱ्याँउछन् र निश्चित दिशाबोध गराउंछन् । यस्का साथै यस्ले प्राकृतिक श्रोतहरुको संरक्षण तथा संबर्धनको आधारशीला बृहत पार्दछ । कुनै पनि क्षेत्रको बातावरणीय योजनाको परिकल्पना गर्दा त्यस क्षेत्रको प्राकृतिक श्रोतलाई विशेष याद गर्नुपर्छ । साथै विभिन्न क्षेत्रका सम्बन्धहरुलाई पनि योजना तर्जुमागर्दा समावेश गराइनु पर्छ । सर्वोपरी रुपमा स्थानीय मानिसहरुको आवश्यकता तथा उपलब्ध हुन सक्ने श्रोतहरुको सामर्थ्यलाई ध्यान दिनु पर्छ । योजनाले स्थानीय ज्ञान तथा सीपको उपयोग गर्ने बारेमा विचार पुऱ्याउन अति नै आवश्यक हुन्छ ।

१. बातावरण संरक्षणको योजना

स्थानिय रुपमा विकास गरिने बातावरणीय योजनाको प्रक्रिया मोटामोटी रुपमा निम्न प्रकारका हुन सक्छन् ।

क. स्थानीय आवश्यकताहरु र श्रोतहरुको राम्रो आँकडा लिनु,

ख. विकास योजनाद्वारा हुन सक्ने असरहरुको बारे पूर्व अनुमान गर्नु ।

ग. अनुभवी गाउँलेहरुको सूचि तयार पार्नु, (जस्ले गर्दा अनुभवको आधारमा छलफल गर्दै बनाइने योजना उपयोगि हुन्छ र त्यसको कार्यान्वयन सरल किसिमको हुन्छ ।)

घ. स्थानीय गैर सरकारी संगठनहरुको सहभागिता अपनाउनु ।

ङ. सरकारी स्तरमा यस किसिमको योजनामा सघाउ पुऱ्याउन सकिने स्थितिको पूर्वाधार खडा गर्नु ।

च. त्यस क्षेत्रका शिक्षक तथा विद्यार्थिहरुको सक्रीय सहभागिता कायम गराउनु ।

हुनत कुनै पनि विकास योजना प्रति स्थानीय समर्थनको ठूलो खाँचो हुन्छ तापनि यसलाई मद्दत गर्न वा टेवा दिलाउने काममा राजनैतिक पार्टीहरुको ठूलो भूमिका रहन्छ । त्यसर्थ यस काममा त्यस्ता निकायको सहभागिता रहनु राम्रो हुन्छ । त्यस्तै बातावरणीय कार्यक्रम तय गर्दा केही निश्चित उद्देश्यहरुको प्रतिपालन गर्नु पर्छ । उदाहरणको निम्ति तलका कुराहरुलाई लिन सकिन्छ ।

१. योजनाद्वारा स्थानीय मानिसहरुलाई बातावरणीय पतनले गर्दा हुन सक्ने विकृति तथा असरको बारे ज्ञान दिलाउने, प्राकृतिक असन्तुलन बारे हुने दुर्दशा प्रतिको

चेतना बढाउने ।

२. मानिसहरुलाई स्थानीय स्तरमै आफ्नो बातावरणीय समस्याहरु समाधानगर्न अग्रसर गराउने । (विशेषगरी नगर क्षेत्र वा बाक्ला बस्तिहरुको निम्ति यसो गर्नु अति आवश्यक भै सकेको छ ।)

३. प्राकृतिक संपदाको अविरल रुपले पूर्ति हुन सक्ने तथा प्रक्रियागत रुपले धान्न सकिने विकास योजना र बिकल्पहरु बारे एकिन गराउने

४. गाउँ तथा जिल्ला स्तरमा प्राकृतिक संपदाको संरक्षण योजनाको तर्जुमा गर्ने । (कारण कतिपय प्राकृतिक श्रोतहरुको प्रभाव क्षेत्र गाउँमा मात्र सिमित हुन्न ।)

५. इकाईको रुपमा गाउँ वा टोल स्तरमा नै बातावरणीय योजनाको नमूना-परिकल्पनालाई विकास गर्नु ।

उपरोक्त कुराहरु गर्नको लागि प्रत्येक गाउँको सामाजिक तथा आर्थिक प्रोफाईल हुनु आवश्यक हुन्छ । सर्भेक्षण गर्दा हरेक गाउँको प्राकृतिक श्रोतको वस्तुस्थिति, तिनको भइरहेको उपयोग तथा वांछित उपयोग बारे आवश्यक जानकारी बटुल्नु पर्दछ । त्यसो भयो भने विकास योजनामा स्थानीय मानिसहरुको सहभागिता, मात्र प्राप्त हुँदैन कि स्थानिय श्रोत र ज्ञानको उपयोग राम्रो हुन सक्छ । उल्लेखनीय रुपमा यस्ता विकास योजनाहरु निम्न क्षेत्रमा अपनाउन सकिन्छ र त्यसले स्थानीय क्षेत्रको बतावरणीय सन्तुलनलाई मात्र होइन कि सम्पुर्ण राष्ट्रकै बातावरणीय सन्तुलनमा मद्दत पुऱ्याउँछ

१. कृषिः- कृषि योग्य जग्गामा मात्र खेति सम्बन्धि क्रियाकलाप गराउने र तदनुरुप नै भू-उपयोग विकास, चरन क्षेत्रको विकास, समुचित व्यवस्थापन तथा संभाव्यताको आधारमा मात्र भूमिको अधिकतम उपयोग गर्ने ।

२. बनः- दाउरा तथा काठको आपुर्तिलाई दीगो राख्न विशेष तर्जुमा गर्ने र बन विकाशमा ध्यान पुऱ्याउने । कृषि संगसंगै फलफुल, जडीबुटी तथा अन्य रुखपातको संयुक्त विकास योजना तथा कार्यान्वयनमा जोड दिने ।

३. चरनः- उत्तरी उच्च चरन योग्य क्षेत्रमा सो को बैज्ञानिक विकाश तथा उत्पादन वृद्धि गरि आवश्यकताको आपूर्ति गराउने । राम्रो उपयोग हुन न सक्ने जग्गालाई पशुको चारा विकाशमा लगाउने योजना तर्जुमा गर्ने ।

४. जलाधार संरक्षण तथा व्यवस्थाः- माटो तथा पानीको उचित संरक्षणको लागि त्यस क्षेत्रको जलाधारको सम्वर्धन तथा समुचित प्रबन्ध व्यवस्था गर्ने ।

५. अन्य संपदाः- माथि उल्लेखित मुख्य पक्षहरु वाहेक कुनै पनि क्षेत्रको आफ्नै छुट्टै विशेषता हुन सक्छ । त्यस किसिमको प्राकृतिक संपदाका श्रोतहरुलाई पनि आवश्यक ध्यान समयमा नै दिनु पर्छ ।

वास्तवमा भन्ने हो भने कुनै पनि क्षेत्रको समग्रतामा बातावरणीय विकाशको कुरा गर्दा त्यस क्षेत्रको प्राकृतिक संपदा तथा जटिलतालाई सम्पुर्णता मै हेर्नुपर्छ । नेपाल कृषि प्रधान देश हो र हाम्रो अर्थब्यवस्था कृषि मा भनौं जग्गामा नै निर्भर भएको हुंदा र भू-उपयोगमा हाल ब्यापक र द्रुत परिवर्तन हुंदै गएकोले हाम्रो लागि जग्गाको उचित ब्यवस्था, स्वामित्व, वितरण र त्यस्को कानुनी विभाजन आदि जस्ता कुराहरु ठूलो चुनौतीका रुपमा छन् ।

नेपालको उल्लेखनीय पृष्ठभूमि

भौगोलिक बनावटको दृष्टिकोणले हेर्दा नेपाल मूख्यतः तिन स्पष्ट भागमा विभाजित छ १. उत्तरमा उच्च हिमाली क्षेत्र २. मध्य भागको पर्वतीय क्षेत्र र ३. दक्षीणमा समतल क्षेत्र । हुन त केही प्राविधिक अध्ययन अनुसार देशको भौगोलिक स्थितिलाई पाँच भागमा पनि विभाजित गरिएको छ जस्तै १. उच्च हिमाली क्षेत्र २. पर्वतीय क्षेत्र ३. मध्य पर्वतीय क्षेत्र ४. शिवालिक क्षेत्र ५. तराई । यस प्रकारका विभाजनहरुको आधार भौगोलिक बनौट, जल वायु आदि हुन् ।

जलवायुः नेपालको जलवायुमा यस्को भौगोलिक विषमता अनुकुल विभिन्न क्षेत्रमा धेरै अन्तर पाइन्छ र फरक फरक किसिमका जलवायु पाइन्छन् । त्यस्तै वर्षाको मात्रामा पनि धेरै नै फरक छ । तापक्रमको मात्रा पनि क्षेत्र अनुसार निकै फरक छ । पर्यावरणको दृष्टिकोणले पहिलो ट्रपिकल तथा सब-ट्रपिकल क्षेत्र-जस्को उचाई ७५ मिटर देखि ९०० मिटर

सम्म छ । यसले । तराई तथा चुरिया पहाडी क्षेत्रलाई समेटदछ । दोश्रो टेम्परेट क्षेत्र-जस्को उचाई २७५० मिटर सम्म छ र यसले ९०० मिटर भन्दा माथि महाभारत श्रृखलालाई आवद्ध गर्दछ । तेश्रो अल्पाइन क्षेत्र-जसले २७५० मिटर भन्दा माथि उत्तरका इलाका समेटदछ र यसले १.६ प्रतिशत भू-भाग समेट्छ ।

त्यस्तै जनसंख्या तथा जन घनत्वमा पनि एकरुपता छैन र निकै फरकहरु छन् । पर्वत र पहाडी क्षेत्रले देशको कूल क्षेत्रफलको ७७ प्रतिशत ओगटेको छ र यस्मा कूल खेती योग्य जमिनको ५० प्रतिशत जग्गा पर्छ भने ५६ प्रतिशत जन संख्याको भाग छ । मधेश तथा भित्रि मधेसले २३ प्रतिशत जग्गा ओगटेको छ भने कूल ५० प्रतिशत जनसंख्याले यो क्षेत्र ओगटेको छ । जन घनत्वको हिसावले कृषि योग्य जमिन पहाडी क्षेत्रमा करीव ०.१२ हेक्टर प्रति व्यक्ति पर्छ भने तराईमा ०.२१ हेक्टर प्रति व्यक्ति छ । बास्तवमा भन्ने हो भने कृषि योग्य जमिनको सापेक्षतामा बिचार गर्दा नेपालको जन घनत्व विश्वको अन्य मुलुकहरुको दाँजोमा निकै बाक्लो छ । परिवार नियोजनका उपायहरु सफल हुन सकेमा पनि यस्तो

अनुमान गरिन्छ कि सन २००० सम्ममा नेपालको जनसंख्या सवा २ करोड भन्दा वढी हुने छ । तसर्थ हालको २.४ प्रतिशतको जनसंख्या बृद्धि दर पनि पर्याबरणीय हिसावले समेत घातक हुन सक्छ ।

नेपालको परिवेशमा विभिन्न नीति निर्धारणको आवश्यकता

१. पानी - नेपालमा प्रचुर मात्रामा शुद्ध खाने पानीको आवश्यकता छ भन्ने बारे विशेष उल्लेख गरिरहनु आवश्यक छैन तर खाने पानीको श्रोत र मुहान संरक्षण तथा सम्वर्धन न गरी पानी उपलब्ध हुन सक्दैन । यस सम्वन्धमा पानीका उपयोगहरु जस्तै खाने पानी, कृषिको सिंचाईको लागि पानी आदि बारे कानुनी तौरमा पनि स्पष्ट ब्याख्या हुनु आवश्यक छ । त्यस्तै जल संरक्षण सम्बन्धि पनि कानूनी स्थिति स्पष्ट हुनुपर्छ । तर नीतिगत कुराको कानूनी ब्यवस्थाले मात्रै जल संरक्षण हुँदैन । यस्का लागि त्यस क्षेत्रका मानिसहरुको सक्रीय सहभागिता आवश्यक हुन्छ । कुनै पनि अभियान सफल हुनका निम्ति बिज्ञ अबिज्ञ सबैलाई सामुहिक हितमा समेटनु नितान्त आबश्यक हुन्छ । यो ज्यादा ठूलो कुरा पनि हो र यो काम गर्न शिक्षण संस्थाहरु, गैर सरकारी निकायका ब्यक्तिहरु तथा राजनैतिक कार्यकर्ताको महत्वपूर्ण भूमिका हुन्छ । त्यसर्थ यस दिशामा पनि हाम्रा कार्यक्रमहरु परिलक्षित हुनु पर्दछ ।

२. बन - नेपालको बन केवल पैदावारको हिसावले मात्र महत्वपूर्ण र आवश्यक नभई बातावरणीय संतुलनको लागि पनि परम आवश्यक छ । बन संरक्षण तथा बिकासलाई

त्यस क्षेत्रका जनताको हित संग न गाँसिकन बन प्रतिको चिन्ता र लगाव हुन सक्दैन । समाजका केही वर्गले मात्र त्यस्को फाइदा लिने र अन्यले हानि नोक्सानीको मात्र भागिदारी हुनु पर्ने स्थिति रहेमा हाम्रो बन टाठाबाठाको धन मा परिणत हुनेछ र हरीयो बन नेपालको धन भन्ने कुरा नारामा मात्र सिमित रहने छ । बन बिनास वा अतिक्रमणको मूल कारण अर्थात त्यसो हुनुको कारक तत्व केहो भनी पहिचान गरेमा मात्र निदान पत्ता लगाउन सकिन्छ । त्यसैले बन संरक्षणका निम्ति बनमा हुने बिभिन्न अतिक्रमणका कारक-तत्वलाई चिन्नु आवश्यक छ । बसोवास नीति, कृषि नीति, जन संख्या नीति, बसाई सराई नीति (राष्ट्रिय र अन्तर्रराष्ट्रिय), उर्जा नीति यी सबै कुनै न कुनै रुपमा बनको समस्या संग जोडिएका छन् । सरकारी स्तरमा मात्र यो समस्याको समाधान हुन सक्दैन । नीति बनाई सके पछि पनि त्यसको कार्यन्वयनका निम्ति जन सहभागिता नै चाहिन्छ र यो हुनको लागि मानिसहरुमा नीति प्रति विश्वास र अपनत्वको भावना ब्यूंझाउनु पर्छ । त्यसर्थ नीति बनाउँदा तल्लो तहबाट नै सहभागिता हुने कुराको सुनिस्चितता गरिनु पर्छ, माथिल्लो तहको मात्र होइन ।

३. कृषि - आँकडा अनुसार हाल को कृषि पैदावार ४० लाख मेट्रिक टनबाट सन २००० सम्म मा ९० लाख मेट्रिक टन हुनु नितान्त आवश्यक छ । यदि आधारभुत आवश्यकता परिपूर्ती गर्ने हो भने हाम्रो निम्ति यो निकै ठूलो चुनौति हो । औसत ०.१७ हेक्टर प्रति ब्यक्ति कृषि योग्य जमिनको भाग पर्न जाने तथ्य हेर्दा यो समस्या झन जटिल देखिन्छ ।

तर खेतीको उत्पादकत्वलाई असर पार्ने कुराहरु, जस्तै भू-स्वामित्व, भू-खण्डन, उचित प्रविधि, बिउ, मल, सिंचाई आदि क्षेत्रका समस्याहरु जब सम्म राम्रो संग समाधान गरिंदैन तब सम्म यो समस्या समस्या कै रुपमा हुन्छ । कृषि प्रविधिको बिकाश स्थानीय सिप ज्ञान, सामर्थ्य, र कामको निरन्तरतामा आधारित हुनु पर्छ , आयातित रुपमा लादिनु हुन्न । सर्वप्रथम कृषि योग्य जमिनको भू-स्वामित्वको कुरालाई राजनैतिक रुपमा समाधान गरिनु आवश्यक छ ।

४. भू-संरक्षण - नेपालको प्राकृतिक बनौटले गर्दा भू-संरक्षणको काम एउटा ठूलो चुनौतीको रुपमा हाम्रो अगाडि छ । भु-स्खलनले गर्दा लाखौं टन मलिलो माटो हरेक साल बगेर मात्र जाने होइन कि जमिन नै मरुस्थल तुल्य हुन जान्छ या भास्सियेर जान्छ । यो समस्या पहाडी भेगमा बढी विकराल छ भने तराई भेगमा पनि कुनै न कुनै रुपमा बिद्यमान छ । हाम्रो प्राकृतिक बातावरणको संतुलन नै नराम्रोसंग बिग्रन सक्ने स्थिति भएकोले ससानादेखि ठूलठूला भूक्षयहरु रोक्ने अभियान राष्ट्रिय स्तरमा अनवरत रुपमा चलाइनु पर्छ । यस्तो अभियानको सुत्रधार स्थानीय मानिसहरुका अतिरिक्त, गैर सरकारी निकायका मानिसहरु तथा शिक्षक बिद्यार्थीहरु हुन सक्छन र तिनीहरुको ठूलो भूमिका रहन सक्छ । भू-क्षय सम्बन्धि ज्ञान तथा त्यसलाई रोक्ने सरल प्रविधिको बिकासले भू-क्षयको नियन्त्रणमा योगदान दिन सक्छ । आर्थिक अभियानहरु धेरै सार्थक होलान संभवत यस बारे सम्वन्धित नेपाली प्राविधिकहरुको सल्लाहलाई प्रयोग गर्दा र स्थानीय मानिसहरुको अनुभवलाई समेट्दा फलदायी नै हुनेछ।

उपसंहार

बातावरणीय संरक्षण सरकारी स्तरबाट मात्र गर्नु संभव छैन भन्दा अतिशयोक्ति न होला । सरकारी स्तरबाट सहयोग त हुनै पर्छ तर यसलाई सामाजिक तथा राजनैतिक प्रक्रियाको रुपमा पुरा समाजलाई समेटदै अगाडि बढाएमा मात्र बातावरण संरक्षण संभव हुन्छ । सरकार यस बारे जागरुक भएर अगाडि बढनु पर्छ स्वयं नागरिकहरुले पनि आ-आफ्नो क्षेत्रमा र बिभिन्न स्तरमा जन चेतना जगाउने मात्र न गरी बातावरण संरक्षणका निम्ति ठोस योजना तर्जुमा गर्नेतिर उन्मुख हुनु पर्दछ । सक्रीय सहभागी बन्नु पर्दछ । राजनैतिक मत भिन्नतालाई यस्को बाटोमा तगारो भएर आउन दिनुहुन्न । सम्पूर्ण सोचाई र काम कुराहरु देशको कल्याणप्रति केन्द्रित हुनुपर्छ । शिक्षण संस्थाहरु र गैर सरकारी संस्थाहरुको ठूलो भूमिकालाई उपयुक्त ढंगले अपनाउनु पनि उत्तिकै आवश्यक देखिन्छ ।

-समाप्त-

FIGURE I.2

2



Source: New ERA 1982.

FIGURE I.3



Source: New ERA 1982.

FIGURE 1.5

National Population Growth and Projection



Source: 1800/WSSB 4th Water Supply Project PADCO

पुस्तक- बातावरण संरक्षण केही व्यवहारिक कुराहरु
संस्करण - प्रथम -१९९१
प्रति - एक हजार
प्रकाशक - अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)।
मुद्रक - कल्पवृक्ष प्रकाशन प्रा.लि. काठमाण्डौं ।
कम्प्युटर कम्पोज- लुम्बिनी अफसेट प्रेस, कुपण्डोल